फोन नं.०७५-५२०१०९, ५२०१२९
-५२०९०९, ५२०८९३

तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा जिल्ला
५ नम्बर प्रदेश, नेपाल

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्वन्धि सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७७।०४।१५

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) च.नं. PMEP २३ मिति २०७७।०४।१२ को पत्रानुसार यस तानसेन नगरपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक **प्राविधिक सहायक** पद करारमा पदपुर्ति गर्न निम्न वमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र माग वमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०१/०७७/०७८ | प्राविधिक सहायक (सब ईन्जिनियर) | स्थानीय सेवाको पाचौं तह | १ |

१. आवश्यक न्युनतम योग्यता र अनुभवः-

(क) सिभिल ईन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण भएको ।

(ख) अनुभव र सिप :

- कम्तीमा ३ महिने कम्प्युटर तालिम लिई आधारभुत कम्प्युटर सिप भएको ।
- पुर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्वन्ध सम्वन्धि सिप सहित कम्तिमा ६ महिना अनुभव भएको ।

(ग) उमेर : १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२. दरखास्त दिने स्थान :- तानसेन नगर कार्यपालिकाको कार्यालय, तानसेन पाल्पा ।

३. दरखास्त दिने अन्तिम मिति :- २०७७।४।२९ गते सो दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।

४. आवेदन दस्तुरः- रु. ५००।-(पाँच सय मात्र)

Scanned with CamScanner

५. छनौटको किसिम :- आवेदकहरुको प्रारम्भिक योग्यताक्रमको सूची तानसेन नगरपालिकाको सूचना पाटी र web site मा प्रकाशन गरि सोही सूचनामा लिखित परिक्षाको मिति समेत तोकीनेछ ।

६.आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु :

- नेपाली नागरिकताको प्रतिलिपी
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट साईजको फोटो

७. सेवा सुविधा : नगरपालिकामा प्राविधिक सहायक पदपुर्ति सम्वन्धि प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण : गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपुर्ति सम्वन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

नोट : आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविववरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।

२०७६।४।१५

तानसेन नगरपालिका
पाल्पा
निमित्त प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner